रोमीहरुलाई: विश्वासको जीवन



पाष्टरीय तालीम पुस्तिका

५९

तालीम र वृद्धि

T&M ®

जुन मानिसहरु व्यवस्थावादसित संघर्ष गरिरहेका छन् अनि परमेश्वरको अनुग्रहको निम्ति भोकाएका छन् तिनीहरुले रोमीको पुस्तकमा सुन खानी नै भेट्टाउँछन् । यसले विजयको जीवन र निरन्तर लागिरहने विश्वाससित सम्बन्ध राख्दछ । यी शिक्षाहरु तपाईं स्वयंले, अनि तपाईंको मण्डलीका अरुहरुले बुझेर आ-आफ्नो जीवनमा लागू गर्न सकौं भनी परमेश्वरको सहायता माग्न केही क्षण प्रार्थनामा बिताउनोस् ।

प्रेरित पावलले यो पत्र किन लेखे ?

रोमी विश्वासीहरु 'अन्यजातिहरु' (अ-यहूदी) थिए । तर तिनीहरुले उद्धार पाउनको लागि पुरानो करारको व्यवस्था पनि पालन गर्नुपर्छ भन्ने शिक्षा ल्याएर यहूदी विश्वासीहरुले तिनीहरुलाई अलमल्लमा पारेका थिए ।

प्रेरित पावल यस प्रकारको झूटो शिक्षाप्रति रिसाएर अनि परमेश्वरको आत्माबाट प्रेरित भएर, व्यवस्थाको उद्देश्य पापलाई देखाउनु मात्र हो, मुक्ति दिनुलाई होइन भनेर रोमीहरुलाई व्याख्या गर्नको निम्ति लेखेका थिए । हामी यहूदी हौं अथवा अन्यजाति, हामी परमेश्वरको अनुग्रहबाट मात्र बचाइएका छौं,

अनि यो हासिल गर्ने तरिका व्यवस्थाको कुनै काम पूरा गरेर होइन, तर विश्वास गरेर मात्र हो ।

प्रेरित पावलले रोमीहरुलाई किन लेखे:

☐ तिनीहरु व्यवस्थाको अधीनमा आऊन् भनेर ।

☐ मुक्ति चाहिँ विश्वासद्वारा मात्र हो भनेर बुझाउन ।

तपाईंको उत्तरलाई रोमी ३:२८ सित तुलना गर्नोस् :

"यसकारण व्यवस्थाका कर्महरुको पालनविना विश्वासद्वारा नै मानिस धर्मी ठहरिन्छ भनी हामी ठान्छौं ।"

रोमीको मुख्य विषय

रोमीको पत्रले धेरै आत्मिक उन्नति गराउने विषयहरुमा शिक्षा दिएको छ तर एउटा केन्द्रीय विषय चाहिँ यसका सारा पन्नाहरुमा धागो जस्तो भएर शुरुदेखि अन्तसम्म दौडेको छ:

धागोः विश्वासद्वारा धर्मी ठहरिनु

“किनकि सुसमाचारमा परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ, त्यो धार्मिकता जोचाहिँ सम्पूर्ण रुपले विश्वासद्वारा नै आउँछ । यस्तो लेखिएको छ, “धर्मीचाहिँ विश्वासद्वारा नै जिउनेछ ।”

(रोमी १:१७)

जसले खीष्टमा भरोसा राख्दछन् उनीहरु दोषबाट स्वतन्त्र भएका छन् अनि विश्वासद्वारा जिउनको लागि पवित्र आत्माबाट अगुवाइ पाउनेछन् भनी परमेश्वर घोषणा गर्नुहुन्छ ।

रोमीलाई लेखिएको पत्र स्वतन्त्रको घोषणा हो । हामी दोषबाट मुक्त घोषित भएका छौं यसरीः

- ☐ येशू खीष्टमा विश्वास गरेर ।
- ☐ परमेश्वरको व्यवस्थाका कामहरुद्वारा ।

तपाईंको उत्तरलाई रोमी ३:२२ सित तुलना गर्नोस् :
"येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ ।"

हामी विश्वासद्वारा जिउने गरौं ! इसाई जीवनको शुरुमा मात्र हामी विश्वासद्वारा बचाइएका होइनौं, हामी विश्वासद्वारा नै जिउँने छौं । हाम्रो मुक्ति सदालाई हो, यो अनन्त जीवन हो । हामीले हरेक थोक जे गर्दछौं, त्यसमा पनि हामी दिनहुँ विश्वासद्वारा नै लागि पर्छौं ।

ख्रीष्टलाई ग्रहण गर्नको निम्ति हाम्रो विश्वासले हामीलाई अगुवाइ गर्दछ अनि:

- ☐ त्यसपछि हामी हाम्रा असल कामहरुमा भर पर्दछौं ।
- ☐ ख्रीष्टसित हामीलाई सदैव एक बनाउँछ ।

तपाईंको उत्तर यस्तो हुनुपर्ने: विश्वासद्वारा हामी ख्रीष्टसित सधैं रहनेछौं ।

आत्मिकी परिपक्वताको लागि कदमहरु

आत्मिकी परिपक्वताको लागि तेह्रवटा कदमहरु छन् जसलाई चार भागमा विभाजित गरिएका छन् । यी कदमहरु क्रमैसँग लिनुपर्छ भन्ने छैन, तर पवित्र आत्माले काम गर्नु भए अनुसार, कुनै विश्वासीले एक पटकमा विभिन्न कदमहरु चाल्न सक्छ ।

कायल हुने कदम (अध्यायहरु १-३)

१. परमेश्वरको क्रोधदेखि पापी डराउँछ ।

२. पापीले बहाना बनाउन छोड्दछ ।

३. पापी आफ्नो यो अवस्थामा कायल हुन्छ कि उनी हर ाएको छ, अनि उ परमेश्वरतर्फ फर्कन्छ ।

परिवर्तनको कदम (अध्यायहरु ४-६)

४. विश्वासीले विश्वासद्वारा प्रतिज्ञालाई अधिकार गर्दछ ।

५. विश्वासीले परमेश्वरसित मिलाप पाउँछ ।

६. विश्वासी खीष्टसित पापको लेखि मरेको छ, अनि नयाँ जीवनमा व्युँतेको छ ।

वृद्धिको कदम (अध्यायहरु ७-११)

७. आत्मिकी मानिसले उसको शारीरिक स्वभावसँग संघर्ष गर्दछ ।

८. आत्मिकी मानिस खीष्टमा सुरक्षित छ ।

९. आत्मिकी मानिस उसको आत्मिकी जगप्रति कृतज्ञ बन्दछ ।

परिपक्वताको कदम (अध्याय १२-१६)

१०. परिपक्व विश्वासीले आफैलाई जीवित बलिदानको रुपमा प्रस्तुत गर्दछ ।

११. परिपक्व विश्वासी जिम्मेदारी बनेको छ अनि उसले आफ्ना कर्त्तव्यहरु पूरा गर्दछ ।

१२. परिपक्व विश्वासी आफ्नो कमजोर भाइप्रति धीरजी बन्दछ ।

१३. परिपक्व विश्वासी नम्र सेवक बन्दछ ।

कायलको कदम
(अध्यायहरु १-३)

पाइला १: परमेश्वरको क्रोधसँग पापी डराउँछ ।
(अध्याय १ पढ्नोस्)

परमेश्वरको क्रोधसँग पापी डराउँछ किनभने:

- ☐ हाम्रो दुष्टताले उहाँको क्रोधलाई जगाउँछ ।
- ☐ उहाँको क्रोधमा उहाँले हामीलाई अन्यायपूर्ण ढङ्गमा सजाय दिन सक्नुहुन्छ ।

तपाईंको उत्तर रोमी १:१८ सित तुलना गर्नोस् :

"परमेश्वरको क्रोध ती मानिसहरुका सारा भक्तिहीनता र दुष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको छ, जसले सत्यलाई तिनीहरुका अधर्मले दबाइराखेका छन् ।"

पाइला २: बहानाहरु गर्दै पापी रोकिन्छ ।
(दोस्रो अध्याय पढ्नोस्)

बहाना:

“तिमीलाई केही बहाना छैन... तर परमेश्वरको धार्मिक इन्साफ प्रकट हुने त्यस क्रोधका दिनको लागि आफ्नो कठोर र अपश्चातापी हृदयले गर्दा तिमीले आफ्नो निम्ति क्रोध थुपारिरहेछौ । किनकि उहाँले हरेक मानिसलाई उसको कामअनुसार दिनुहुनेछ ।” (रोमी २:१,५,६)

बहाना:

किनकि परमेश्वरले कुनै पक्षपात गर्नुहुन्न । सबै जसले व्यवस्थाविना पाप गरेका छन्, तिनीहरु व्यवस्थाविना नै नष्ट पनि हुनेछन्, र व्यवस्थामुनि रहेर पनि पाप गर्नेहरुको इन्साफ व्यवस्थाद्वारा नै हुनेछ । (रोमी २:११-१२)

बहाना:

“बाहिरी रुपले मात्र यहूदी हुनेचाहिँ साँचो यहूदी होइन, त्यसरी नै साँचो खतना पनि बाहिरी र शारीरिक कुरा होइन । यहूदी त्यो हो, जो भित्री रुपले यहूदी हो, र साँचो खतनाचाहिँ हृदयको कुरो हो, यो आत्मिक कुरो हो,....”

(रोमी २:२८-२९)

परमेश्वरको अघि हामीले कस्तो बहाना गरिरहेका छौं ?

☐ हामीले आदमबाट नै हाम्रो कमजोरी पाएका छौं ।

☐ अरुहरुले हामीभन्दा नराम्रो व्यवहार गर्दछन् ।

☐ परमेश्वरको अघि, कुनै बहाना काम लाग्दैन ।

पाइला ३: पापी आफू हराएको अवस्थामा कायल हुन्छ, अनि परमेश्वरतिर फर्कन्छ । (अध्याय ३ पढ्नोस्)

व्यवस्थाको उद्देश्य के थियो ?

☐ पापको चेतना ।

☐ जसले पाप गर्न छोड्छ उसलाई धर्मी ठहराउनु ।

रोमी ३:१९-२० को अन्तिम भनाइसित तपाईंको उत्तरलाई दँजाउनु होस्:

"अब हामी जान्दछौं, जे-जति व्यवस्थाले भन्छ, व्यवस्थामुनि हुनेहरुलाई नै भन्छ, कि हरेक मुख चूप रहोस्, र सारा संसार परमेश्वरको अगि जवाफदेही होस् । यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ ।"

"...किनकि सबैले पाप गरेका छन् । परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् ।"

(रोमी ३:२३)

कसैले पनि कसैलाई, आफैलाई पनि, बचाउन सक्तैन, पापको परिणामबाट अलग पार्नसक्तैन । पापीको निम्ति एउटै आशा यही हो कि उसले आफैलाई नम्र पार्नुपर्छ अनि परमेश्वरको कृपा खोज्नुपर्छ ।

परिवर्तनको कदम
(अध्यायहरु ४-६)

पाइला ४: विश्वासीले विश्वासद्वारा प्रतिज्ञा हासिल गर्दछ । (पढ्नोस् अध्याय ४)

परमेश्वर कृपालु हुनुहुन्छ, अनि हामीले पाउनु पर्ने दोषको मूल्य तिर्न उहाँले आफ्नो पुत्र पठाउनु भयो । उहाँ हाम्रो ठाउँमा हाम्रो पापको लागि बलिदानको रुपमा मर्नुभयो । उहाँले हाम्रो उद्धार र मुक्तिको लागि अति नै ठूलो मूल्य, उहाँको आफ्नै जीवन, तिर्नुभयो । तरै पनि, यदि हामीले यो मुक्तिलाई विश्वासद्वारा ग्रहण गर्दैनौं भने, अरु मुक्ति नै छैन, अनि हामी परमेश्वरबाट अनन्तलाई अलग हुनेछौं ।
(रोमी ३:२४-३०)

अब्राहामद्वारा नै सबै राष्ट्रहरुलाई आशिष दिनुहुनेछ भनी पर मेश्वरले अब्राहामलाई प्रतिज्ञा गर्नुभयो । उसको खताना हुनु अघि नै, अनि व्यवस्था दिइनुभन्दा अघि नै, उसको विश्वासद्वारा उसलाई यो प्रतिज्ञा दिइएको थियो ।

अब्राहामका सच्चा छोराहरु अनि उत्तराधिकारीहरु हुन्:

- ☐ उनका शरीरअनुसारका वंशजहरु ।
- ☐ मोशाको व्यवस्था पालन गर्नेहरु ।
- ☐ अब्राहामको विश्वासमा सहभागी हुनेहरु ।
- ☐ उत्तर: रोमी ४:१४ देखि १६ सम्म राम्ररी पढ्नोस् ।

"यदि व्यवस्था पालन गर्नेहरु मात्र उत्तराधिकारी हुन्छन् भनेता विश्वास रद्द र प्रतिज्ञा व्यर्थ हुन्छ । किनभने व्यवस्थाले क्रोध ल्याउँछ, तर जहाँ व्यवस्था छैन त्यहाँ अपराध पनि हुँदैन । त्यसैले यो प्रतिज्ञा विश्वासमाथि निर्भर गर्दछ, यस हेतुले कि प्रतिज्ञा अनुग्रहमाथि भर परेर अब्राहामका सबै वंशहरुका निम्ति पक्का होस् । यो प्रतिज्ञा व्यवस्था पालन गर्नेहरुका निम्ति मात्र नभएर अब्राहामको जस्तो विश्वासमा हुनेहरुका निम्ति पनि हो, किनकि अब्राहाम हामी सबैका पिता हुन् ।"

(रोमी ४:१४,१६)

यो कुरा जोड दिनु आवश्यक छ कि बचाउने विश्वास चाहिँ बौद्धिक विश्वास मात्र होइन । बाइबलले भन्दछ कि शैतानले पनि विश्वास गर्छ अनि थर्थर् काँप्छ । (याकूब २:१९)

बचाउने विश्वासमा निम्न कुराहरु हुन्छन्:

पश्चाताप

यसको मतलब, पापको बारेमा परिवर्तनको व्यवहार, जसमा तपाईंले 'यू-टर्न' लिएर अर्कै बाटो लागिसक्नु भएको छ, अनि अब पाप नगर्ने तर प्रभुलाई पछ्याउने निर्णय लिनु भएको छ ।

“यो कुरा सुनेर तिनीहरुको हृदय छियाछिया भयो, अनि पत्रुस र अरु प्रेरितहरुलाई यिनीहरुले भने, “ए भाइ हो, हामीले के गर्ने ?” पत्रुसले भने, “पश्चाताप गर...” (प्रेरित २:३७-३८)

येशू खीष्टलाई मुक्तिदाता अनि प्रभु भनी ग्रहण गर्ने ।

“तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरुलाई परमेश्वरका सन्तना हुने अधिकार दिनुभयो ।” (यूहन्ना १:१२)

परमेश्वरको आज्ञा पालन

“मलाई ‘प्रभु, प्रभु’ भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ ।”

(मत्ती ७:२१)

पाइला ५: विश्वासीले परमेश्वरसित शान्ति पाउँछ । (पढ्नोस् अध्याय ५)

“अनुग्रह” को अर्थ हाम्रा प्रेमिलो स्वर्गीय पिताबाट हामीमाथि भएको अपार भलाइ र कृपा हो । मुक्ति कस्तो हो:

- ☐ केवल विगत पापहरुबाट छुटकारा पाउने ।
- ☐ अनन्त, किनकि खीष्टसित महिमित हुनको निम्ति हामीसित उहाँको अनुग्रहको कारण दृढ आशा छ ।

तपाईंको उत्तरलाई यससित तुलना गर्नोस्:

“यसैकारण विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू खीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ । उहाँद्वारा हामीले यस अनुग्रहमा विश्वासद्वारा प्रवेश पाएका छौं । यस

अनुग्रहमा हामी खडा छौं, र परमेश्वरका महिमाको सहभागी हुने हाम्रो आशामा हामी रमाउँछौं ।"

(रोमी ५:१-२)

परमेश्वरको अनुग्रह कस्तो हुन्छ:

☐ सीमित ।

☐ अति-प्रशस्त ।

तपाईंको उत्तरलाई रोमी ५:१९-२० सित तुलना गर्नोस्

"किनकि जसरी एउटै मानिसको अनाज्ञाकारिताले धेरै जना पापी बनाइए, त्यसै गरी एकै जनाको अनाज्ञाकारिताद्वारा धेरै जना धार्मिक बनाइनेछन् । व्यवस्था आयो र अपराधको वृद्धि भयो, तर जहाँ पाप बढ्यो अनुग्रह झन् बढी मात्रामा बढ्यो..."

हामी हाम्रो आफ्नै पवित्रताले बचाइएका होइनौं । बरु, पर मेश्वरले खीष्टको धार्मिकता हामीलाई दिनुहुन्छ । यसरी हामी अनुग्रहबाट बचाइएका हौं, अर्थात, परमेश्वरको प्रेम र कृपाद्वारा ।

रोमी अध्याय ५ को सारांश

विश्वासको फलः

१. रोमी ५:१	परमेश्वरसित शान्ति
२. रोमी ५:२क	उहाँको उपस्थितिमा प्रवेश
३. रोमी ५:२ख-५	कष्टमा आशा
४.. रोमी ५:६-९	क्षमादान
५. रोमी ५:१०-११	परमेश्वरसित मिलाप
६. रोमी ५:१२-१८	अनन्त जीवन
७. रोमी ५:१९-२१	परमेश्वरको अनुग्रह अनि कृपा

हामीलाई बचाउनु, सुरक्षित राख्न, अनि असल काममा डोऱ्याउन पवित्र आत्माले हामीमा येशू ख्रीष्टको पवित्रता हालिदिनुहुन्छ। हाम्रो पवित्रता ख्रीष्टबाट आउँछ।

हामी आदमको अनाज्ञाकारिताद्वारा प्रभावित भएको हुनाले, हामी सबैले पाप गरेका छौं, अनि हामी मर्नेछौं। तर ख्रीष्टको आज्ञाकारिताद्वारा, हरेक विश्वासीले अनन्त जीवन पाउने छ। येशू ख्रीष्ट हाम्रो पापको निम्ति क्रूसीकरण हुनुभयो, अनि उहाँलाई पछ्याउनेहरु सबैलाई उहाँको नयाँ जीवन अनि पवित्रता दिनको निम्ति बौरी उठ्नुभयो।

हामीमा येशू मृत्यु अनि पुनरुत्थान पवित्र आत्माद्वारा लागू हुन्छ। उहाँले हामीलाई कति बेलासम्म सहयोग गर्नुहुन्छ :

- ☐ हाम्रो इसाई जीवनको प्रारम्भमा मात्र।
- ☐ शुरु गर्नु, अनि निरन्तर लागिरहनु।

ख्रीष्टको कामले हामीलाई सदैव सुरक्षित राख्दछ। पवित्र आत्माले हामीलाई येशू ख्रीष्टसित सधैंभरिको लागि एक बनाएर राख्छ।

पाइला ६: विश्वासी खीष्टसित पापमा मर्दछ, अनि नयाँ जीवनमा व्युँतन्छ । (पढ्नोस् अध्याय ६)



खीष्टसितको मृत्युको चिन्ह

यदि हामी खीष्टसित पापको लेखि मर्दछौं भने, हामी उहाँसँगै नयाँ, पवित्र अनि अनन्त जीवनको निम्ति बिउँतिएका छौं ।

कुन अर्थमा विश्वासी मरेकोबाट बिउँतिएको हो ?

☐ ऊ पापको लेखि मरेको, अनि नयाँ जीवनको निम्ति खीष्टसित बिउँतिएको हो ।

☐ उसकै असल कार्यहरुद्वारा उ नयाँ जीवनमा बिउँतिएको हो ।

तपाईंको उत्तर योसित जाँच्नोस्:

"यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरुबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँडौं ।.... तर यदि हामी ख्रीष्टसँग मरेका छौं भनेता उहाँसँग जिउने पनि छौं भन्ने विश्वास गर्दछौं ।"

(रोमी ६:४,८)

बप्तिस्माले ख्रीष्टमा भएको हाम्रो विश्वासलाई निश्चित तुल्याउँछ । यही विश्वासद्वारा हामी बचाइएका छौं ।

वृद्धिको कदम
(अध्यायहरु ७-११)

पाइला ७: आत्मिकी मानिसले उसको शारीरिक स्वभावसँग संघर्ष गर्दछ ।
(पढ्नोस् अध्याय ७)

रोमी अध्याय ७ ले तीनवटा व्यवस्था अथवा विधानको बारेमा बताएको छ:

१. मोशाको व्यवस्था (पुरानो करारबाट)
२. आत्माको व्यवस्था (नयाँ करारबाट)
३. पापको व्यवस्था (हाम्रो शारीरिक स्वभावबाट)

उसको विश्वासको कारण, विश्वासी निम्न व्यवस्थाको अधीनमा हुनेछ:

☐ मोशाको ।
☐ आत्माको ।
☐ शरीरको ।

तपाईंको उत्तर योसित जाँच्नोस्:

"हामीलाई बन्धनमा राख्ने व्यवस्थाको लेखि मरेर हामी अब त्यसदेखि मुक्त भएका छौं, र हामी पुरानो लिखित विधानको अधीनमा होइनौं, तर पवित्र आत्माको नयाँ जीवनमा सेवा गर्दछौं ।"

(रोमी ७:६)

“यसरी एउटा नियमले काम गरेको म पाउँछु। जब म भलो गर्न चाहन्छु, तब दुष्टतालाई मेरो नजीकै उपस्थित पाउँछु। किनकि म मेरो अन्तस्करणमा परमेश्वरको व्यवस्थामा आनन्दित हुन्छु, तर मेरा अङ्गहरुमा अर्को नियमले मेरो मनमा रहेको नियमसँग युद्ध गर्दछु, र मेरा अङ्गहरुमा वास गर्ने पापको नियमले मलाई बन्धनमा पार्दछ।”

(रोमी ७:२१-२३)

जब हामी खीष्टसित मर्दछौं, हामी पापको लेखि अनि व्यवस्थाको लेखि मर्दछौं। हामी अब पुरानो करारको विधिविधानले युक्त व्यवस्था पालन गर्दैनौं, तर आत्मालाई मान्दछौं।

आत्मिकी विश्वासीले केद्वारा अगुवाइ पाएको हुन्छः

- ☐ विधिविधान युक्त व्यवस्थाद्वारा।
- ☐ पवित्र आत्माद्वारा।

पाइला ८: आत्मिकी मान्छे खीष्टमा सुरक्षित छ।
(पढ्नोस् अध्याय ८)

इसाईको हृदयमा भएको गहन चिन्ताहरुलाई अध्याय ८ ले शान्त पार्दछ। यसले हामीलाई दोषी ठहराउने डरबाट, मृत्युबाट, हाम्रो कमजोरीहरुबाट अथवा शत्रुको अभियोगबाट ढुक्क राख्दछ। कसरी पवित्र आत्माले ख्रीष्टको कामलाई पूर्णतया अनि अनन्त रुपमा विश्वासीमा लागू गर्दछ त्यसको व्याख्या यही अध्यायमा भएको छ।

ख्रीष्टमा भएर, हामी केबाट बँचेका छौं ? (रोमी ८:१)

_____

यदि हामी ख्रीष्टमा जिएका छौं भने, कुन दुइ कुराबाट पवित्र आत्माले हामीलाई छुटकारा दिनुभएको छ ? (रोमी ८:२)

_____ र _____ को व्यवस्थाबाट।

हाम्रो पापबलि को हुनुभयो ? (रोमी ८:३-४)

_____

पवित्र आत्माले केमा हाम्रो इच्छाहरुलाई लगाइदिनु भयो ? (रोमी ८:५-८)

हामी कसरी जिउँछौ भन्ने कुरोलाई नियन्त्रण गर्न कसले हामीलाई सहायता गर्नुहुन्छ ? (रोमी ८:९-११)

पवित्र आत्माले हामीलाई "आत्माद्वारा" जिउन सिकाउनु हुन्छ । (हेर्नोस् गलाती ५:२२-२३)

आत्माद्वारा हामीले केलाई निर्मूल पार्दछौं ? (रोमी ८:१२-१३)

परमेश्वरका छोराछोरीहरु को हुन् ? (रोमी ८:१४)

हामीले कुन प्रकारको आत्मा पाएका छौं ? (रोमी ८:१५)

_____

आत्माले हामीलाई केको गवाही दिनुभएको छ ? (रोमी ८:१६)

_____

के कुरासित हामीहरुले वर्तमान कालमा भोगिरहेको कष्टलाई तुलना गर्नु मिल्दैन ? (रोमी ८:१८-२३)

_____

पुनरुत्थानमा हाम्रो देहको उद्धार हुँदा, प्रकृति तथा सृष्टिलाई के हुनेछ ?

_____

_____

हाम्रो कमजोरीमा हामीलाई सहयोग गर्नको निम्ति आत्माले के गर्नुहुनेछ ? (रोमी ८:२६-२७)

हरेक परिस्थिति, अनि हामीलाई आइपर्ने हरेक कुराद्वारा पर मेश्वरले हामीलाई अलि अलि गरेर परिवर्तन गरिरहनु भएको छ। कसको स्वरुपमा परिवर्तन गर्न परमेश्वरले हामीलाई अघिबाटै नियुक्त गर्नुभयो ? (रोमी ८:२८-२९)

(परमेश्वर एक कलाकार जस्तै हुनुहुन्छ जसले हामीलाई उहाँको पुत्रको स्वरुपमा परिवर्तन गर्नुहुन्छ। यो प्रक्रियामा कहिले काहीँ कष्ट पनि हुन्छ ! हामीलाई सिद्ध बनाउन पर मेश्वरले जाँचहरुलाई प्रयोग गर्नुहुन्छ।)

हाम्रो विरुद्ध लागेको अभियोगमा के परमेश्वरले कुनै ध्यान दिनुहुन्छ ? (रोमी ८:३१-३४)

(यदि हामीले पश्चाताप अनि खीष्टमा विश्वास गरेका छौं भने, नता शैतानले, न हाम्रा शत्रुहरुले, नता हाम्रै विवेकले हामीलाई परमेश्वरको अघि अभियोग लाउन सक्नेछ ।)

के कुनै कुराले हामीलाई खीष्टबाट अलग पार्नसक्नेछ ?
(रोमी ८:३५-३९)

पवित्र आत्माको कामले हाम्रो जीवनमा निम्न क्षेत्रमा असर पार्दछः

☐ हरेक क्षेत्रमा ।

☐ कुनै कुनै क्षेत्रमा ।

हाम्रो परिवर्तन पछि पनि पवित्र आत्माले हाम्रो जीवनमा काम गरिरहनु हुन्छ । जसै उहाँले हामीलाई खीष्टको स्वरुपमा झन झन बढी परिवर्तन गर्दै लानु हुन्छ, उहाँले हामीमा परिवर्तन गर्नुपर्ने, पवित्र पार्नुपर्ने, आत्मिक उन्नतिमा डोऱ्याउनु पर्ने, अनि सिकाउनु पर्ने कुराहरु धेरै छन् ।

हामीमा अनि हाम्रो लागि पवित्र आत्माले गर्नुहुने पाँचवटा कामहरुमुनि रेखाङ्कित गर्नोस्:

"यदि साँच्चै परमेश्वरका आत्मा तिमीहरुमा वास गर्नुहुन्छ भने, तिमीहरु पाप-स्वभावमा होइन, तर पवित्र आत्मामा हुन्छौ । तर कुनै मानिसमा खीष्टका आत्मा हुनुहुन्न भनेता त्यो उहाँको हुँदैहोइन । यदि खीष्ट तिमीहरुमा हुनुहुन्छ भने, पापको कार णले तिमीहरुका शरीर मरेका भए तापनि तिमीहरुका आत्मा धार्मिकताको कारणले जिउँदा हुन्छन् । तर यदि येशूलाई मर ेकाबाट जीवित पार्नुहुनेका आत्मा तिमीहरुमा वास गर्नुहुन्छ भने, खीष्ट येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरुमा वास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरुका मरणशील शरीर लाई पनि जीवन दिनुहुनेछ । यसैले त भाइ हो, पाप-स्वभावअनुसार जिउनलाई हामी पाप-स्वभावप्रति वाध्य छैनौ । किनकि पाप-स्वभावअनुसार जिउँछौं भने, तिमीहरु मर्छौ, तर यदि पवित्र आत्माद्वारा शरीरका कार्यहरु तिमीहरुले निर्मूल पाऱ्यौ भने, तिमीहरु जिउनेछौ । किनभने सबै, जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरु नै परमेश्वरका सन्तान हुन् । किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरुले पाएका छैनौ, तर तिमीहरुले धर्मपुत्र हुने आत्मा पाएका छौ । यसैले अब हामी परमेश्वरलाई "अब्बा, पिता" भनी पुकाछौं, त्यो चाहिँ हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुभएको हो । " (रोमी ८:९-१६)

कोद्वारा खीष्टको उद्धारकार्य हामीमा अनन्त रुपमा लागू भएको छ ?

☐ हामी आफैद्वारा ।

☐ पत्रुस अथवा अरु कुनै सन्तद्वारा ।

☐ पवित्र आत्माद्वारा ।

(तपाईंको उत्तरलाई रोमी ८:९-१६ सित दाँज्नोस् ।)

हाम्रो अनन्त मुक्तिलाई निश्चित पार्न परमेश्वरले गर्नुहुने पाँच कुराहरु के के हुन् :

"अनि हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरु र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरुका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ । जस-जसलाई उहाँले पहिल्यैबाट चिन्नु भएको छ, उहाँले तिनीहरुलाई आफ्ना पुत्रको रुपसमान बनाउनलाई, धेरै भाइहरुमध्ये उहाँचाहिँ ज्येष्ठ होऊन् भनेर, अघिबाटै नियुक्त गर्नुभयो । जस-जसलाई उहाँले अघिबाटै नियुक्त गर्नुभयो, तिनीहरुलाई उहाँले बोलाउनु पनि भयो, र जस-जसलाई उहाँले बोलाउनु भयो, तिनीहरुलाई उहाँले धर्मी पनि ठहराउनुभयो, र जस-जसलाई धर्मी ठहराउनु भयो, तिनीहरुलाई उहाँले महिमित पनि पार्नुभयो ।" (रोमी ८:२८-३०)

उहाँले "अघिबाट नियुक्त गर्नुभयो" भन्नुको अर्थः

- ☐ उहाँको इच्छा र अनुग्रहद्वारा, हामीले खीष्टलाई ग्रहण गर्नुभन्दा पहिल्यै परमेश्वरले हामीलाई चुन्नुभयो ।
- ☐ हाम्रो आफ्नै निर्णयअनुसार हामीले नै पहिले खीष्टलाई र ोज्दछौं ।

(तपाईंको उत्तर रोमी ८:२८-३० अनि एफिसी १:३-६ सँग तुलना गर्नोस्)

हामीले खीष्टमा विजय हासिल गर्नुपर्ने थोकहरु के के हुन् तिनमा रेखाङ्कित गर्नोस्:

"किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरुले वा प्रधानताहरुले, वतमानका कुराहरुले वा पछि हुने कुराहरुले, वा शक्तिहरुले, उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले, खीष्ट येशू हाम्रा प्रभुमा भएको परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन ।"

(रोमी ८:३८-३९)

खीष्टमा हाम्रो मुक्तिः

- ☐ अनन्त छ ।
- ☐ अस्थायी छ ।

(तपाईंको उत्तर रोमी ८:२८-३०, रोमी ८:३८-३९ अनि हिब्रू ९:१२ सित जाँच्नोस्)

हामी अनुग्रहद्वारा बचाइएका छौं, तर के त्यसपछि हामी असल कामहरुद्वारा अनुग्रहमा रहिरहनु पर्ने हो ?

होइन, प्रिय हो । कसरी हामीले पवित्र आत्माको काम अनि विश्वासद्वारा शुरु गरेर, त्यसपछि चाहिँ हाम्रै कामहरुमा हामीले भरोसा गर्ने ? हाम्रो नयाँ जीवनको श्रोत पवित्र आत्मा नै हुनुहुन्छ, अनि हामीलाई खीष्टसित सदैव एक बनाउनु भएको छ । हामीमा हुनुभएको पवित्र आत्माको काम अनि विश्वासद्वारा हामीले त परमेश्वरको इच्छा मात्र पूरा गर्न सक्छौं ।

हामीले विश्वासद्वारा उद्धार पाएका छौं अनि परिवर्तन पश्चात:

- ☐ हामी विश्वासद्वारा जिउनेछौं ।
- ☐ असल कामद्वारा हामी खीष्टमा रहिरहने छौं ।

हामी सधैं विश्वासद्वारा जिउनेछौं, किनकि पवित्र आत्मा हामीमा जिउनु हुन्छ ।

पाइला ९: आत्मिकी मानिसले उसको आत्मिकी जगको कदर गर्दछ । (पढ्नोस् अध्यायहरु ९-११)

आफ्ना सँगी इस्राएलीहरुले खीष्टलाई इन्कार गरेको हुनाले पावल अति दुःखी र चिन्तित बनेका थिए । (रोमी ९:१-३)

परमेश्वरले इस्राएलीहरुलाई दिनुभएको आठवटा विशेषाधिकार हरु के के हुन् ?

"तिनीहरु इस्राएलीहरु हुन्, अनि पुत्र हुने अधिकार, महिमाको दर्शन, करार, व्यवस्थाको प्रदान, मन्दिरको आराधना र प्रतिज्ञाहरु तिनीहरुका आफ्नै हुन् । पूर्वजहरु यिनीहरुका नै हुन्, र खीष्ट पनि शरीरअनुसार यिनीहरुकै वंशका हुनुहुन्छ, सर्वोच्च परमेश्वर, जसको युगानयुग स्तुति होस् !"

(रोमी ९:४-५)

अब साँचो इस्राएलीहरु चाहिँ होइनन्, बरु परमेश्वरका प्रतिज्ञाहरुमा उसको विश्वासद्वारा सहभागी हुनेहरु पो अब्राहामका स्वभाविक वंशज हुन्।

"किनकि इस्राएलबाट जन्मेको सबै इस्राएल होइनन्, नता अब्राहामका सन्तान हुँदैमा सबै तिनका छोराछोरी हुन् । तर धर्मशास्त्रमा भनेअनुसार, 'इसहाकबाट नै तिनीहरुको सन्तान गनिनेछ ।' यसको अर्थ शरीरबाट जन्मेकाहरु परमेश्वरका सन्तान होइनन्, तर करारबाट उत्पन्न भएकाहरु नै अब्राहामका सन्तान् हुन् ।" (रोमी ९:६-८)

यसअनुसार, के तपाईं अब्राहामका सन्तान हुनुहुन्छ ?

_____

स्वर्गीय प्रतिज्ञाहरुका अधिकारीहरु तिनै हुन् जसले ख्रीष्टमा विश्वास गर्दछन् । तिनीहरु यसरी बचाइएका छन्:

☐ विश्वास अनि असल कामद्वारा ।

☐ विश्वासद्वारा, जसको प्रतिफल असल कामहरु हुन् ।

तपाईंको उत्तरलाई दाँज्नोस्:

"तर व्यवस्थामाथि आधारित भएको धार्मिकताको पछि लाग्ने त्यस इस्राएलले त्यो व्यवस्था पूरा गर्न सकेन । किन सकेन ? किनकि धार्मिकता कर्महरुमाथि आधारित छ भन्ठानेर तिनीहरुले विश्वासद्वारा धार्मिकता खोजेनन् । तिनीहरु ठेस लाग्ने ढुङ्गमा ठक्कर खाएर लडेका छन् । जस्तो लेखिएको छ, 'हेर, म सियोन एउटा ढुङ्गा राख्तछु, जसमा मानिसहरुलाई ठेस लाग्छ, एउटा चट्टान, जसले तिनीहरुलाई लडाउँछ, तर उहाँमा भरोसा राख्ने कोही शर्ममा पारिनेछैन' ।" (रोमी ९:३१-३२)

"...यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गऱ्यौ, र परमेश्वरले उहाँलाई मरेकाहरुबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ ।" (रोमी १०:९)

यो पद अनुसार, साँचो विश्वास के हो ?

के यहूदी विश्वासीहरु अनि अरु राष्ट्रहरुका मण्डलीहरुको बीचमा परमेश्वरको अघि भिन्नता पाइन्छ ?

_____

निम्न पदसँग तपाईंको उत्तर दाँज्नोस्:

"किनकि यहूदी र अन्यजातिमा केही भेद छैन । उहाँ एउटै प्रभु सबैका प्रभु हुनुहुन्छ, र उहाँलाई पुकार्नेहरु सबैलाई आफ्नो प्रशस्त आशिष दिनुहुन्छ । किनकि प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ ।" (रोमी १०:१२-१३)

विश्वास चाहिँ सुनाइबाट आउँछ ? सुनाइचाहिँ केबाट आउँछ ?

_____

तपाईंको उत्तर निम्न पदसँग तुलना गर्नोस्:

"जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ ।" (रोमी १०:१७)

विश्वास केमा आधारित छ ?

- ☐ हाम्रा भावनाहरुमा ।
- ☐ हाम्रो अनुभवमा ।
- ☐ प्रेरित भएर लेखिएको परमेश्वरको वचनमा ।

परमेश्वरको वचनद्वारा पवित्र आत्माले साँचो विश्वास हामीमा जगाउनु हुन्छ । तपाईंका मानिसहरुलाई सिकाउनु होस् कि तिनीहरु आफ्नै भावनामा भरोसा नपरुन्, तर कहिल्यै नटल्ने परमेश्वरको वचनमा भर परुन् ।

रोमी ११:१७–२१ मा पावलले आत्मिकी कलमीको कुरा गरेका छन् । यहूदीहरु जैतुनका हाँगाहरु हुन् तर तिनीहरुको अविश्वासको कारण बोटबाट अलग गरिएका हुन् । अयहूदीहरु (अन्यजातिहरु) चाहिँ जँगली हाँगाहरु हुन् जो जैतुनको रुखको मूल बोटमा कलमी बाँधिएका छन् । किन अन्यजातिहरुले यसमा घमण्ड गर्नु मिल्दैन ?

"यदि कुनै हाँगाहरु काटिए र असल जैतूनको जराको रस-भण्डारमा सहभागी हुनलाई तिमी एक जङ्गली जैतून भएर पनि तिनीहरुको ठाउँमा कलमी बाँधियौं भने, ती हाँगाहरुका सामुन्ने घमण्ड नगर। यदि घमण्ड नै गर्नु हो भने, यो याद राख, कि जरालाई थाम्ने तिमी होइन, तर जराले पो तिमीलाई थाम्छ।" (रोमी ११:१७-१८)



"...आफ्नै अभिमानमा तिमीहरु बुद्धिमान हुन खोज्छौ कि भनेर तिमीहरु यो रहस्य बुझ भन्ने म चाहन्छु, कि अन्यजातिहरुको संख्या पूर्ण नभएसम्म इस्राएलीहरुको एक अंशमा कठोरता आएको छ। यसरी सारा इस्राएलको उद्धार हुनेछ, जस्तो लेखिएको छः 'उद्धारक सियोनबाट आउनुहुनेछ, उहाँले याकूबबाट अधर्म हटाउनुहुनेछ।" (रोमी ११:२५-२६)

पुरानो करारमा परमेश्वरका जनलाई मुख्य रुपमा यसरी चिनिन्थ्यो:

☐ इस्राएलीहरु (यहूदीहरु)।

☐ अन्यजातिहरु (अयहूदीहरु)।

☐ दुवै, बराबर रुपमा ।

पुरानो करार केवल एकै राष्ट्रसँग बाँधिएको थियो । यी इस्राएलीहरु इसहाक मार्फत अब्राहामका सन्तान थिए ।

को को मिलेर नयाँ करारका मानिसहरु बनिएका हुन्:

☐ इस्राएलीहरु (यहूदीहरु)।

☐ हरेक राष्ट्रका विश्वासीहरु ।

कुनै पनि राष्ट्रका विश्वासीहरु नै विश्वासी अब्राहामका सच्चा आत्मिकी सन्तान हुन् । यहूदी र येशूका वंशलाई परमेश्वरले प्रतिज्ञा गर्नुभयो: *"तिमीद्वारा पृथ्वीका सारा मानिसहरु आशिषित हुनेछन् ।"* (उत्पत्ति १२:१-३)

जैतूनको रुखले परमेश्वरको सच्चा जनलाई प्रतिनिधित्व गर्दछ, अब्राहामको साँचो वंशलाई, परमेश्वरको इस्राएललाई ।

स्वभाविक (मौलिक) हाँगाहरु को हुन् ?

☐ यहूदीहरु (इस्राएलीहरु)।

☐ हरेक जातिका विश्वासीहरु ।

किन स्वभाविक हाँगाहरु, इस्राएलीहरु, हटाइए ?

☐ तिनीहरुको अविश्वासको कारण ।

☐ तिनीहरुको उत्साहको कमीले गर्दा ।

यहूदीहरुले विश्वास नगरेको कारण, उनीहरु हटाइए ।
ती विश्वासीहरु जो यहूदीहरु होइनन् उनीहरु के हुन्:

☐ परमेश्वरको राज्यमा परदेशीहरु ।

☐ कलमी बाँधिएका जङ्गली हाँगाहरु ।

यहूदीहरुलाई गरिएको प्रतिज्ञा हामीले पाउँदा हामी घमण्डी बन्नु हुँदैन । हामी तिनीहरुभन्दा असल होइनौं । हामी त उहाँको कृपाले गर्दा परमेश्वरको राज्यमा कलमी बाँधिएका जङ्गली हाँगाहरु मात्र हौं ।



परिपक्वताको कदम
(अध्यायहरु १२-१६)

पाइला १०: परिपक्व विश्वासीले आफैलाई जीवित बलिदानको रुपमा प्रस्तुत गर्दछ ।
(पढ्नोस् अध्याय १२)

रोमी अध्याय १२ को सारांश

विषय: रोमी १२:१ *"...परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरुलाई अनुरोध गर्दछु, कि तिमीहरुको आत्मिक उपासनाको रुपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रुपमा अर्पण गर ।"*

परमेश्वरको जिउँदो बलि हुनको लागि, हामीले निम्न कुरो गर्नै पर्छ:

पद २:	हाम्रो सोचाइको तरिका बदल्ने ।
पद ३:	हाम्रो आफ्नै बारेमा सही धारणा राख्ने ।
पद ४-८:	संयुक्त देहमा हाम्रा वरदानहरु चलाउने ।
पद ९-१०:	एक अर्कालाई ईमान्दारपूर्वक प्रेम गर्ने ।
पद १०-१२:	कठोर परिश्रम गर्ने ।
पद १३:	खाँचोमा परेकाहरुलाई सहयोग गर्ने ।
पद १४-१५:	आफ्नो जिब्रोलाई वशमा ल्याउने ।
पद १६:	विनम्र हुने ।
पद १७-२१:	खराबीलाई भलाइले जित्ने ।

परमेश्वरलाई अति नै मनपर्ने उपाषना के हो:

- ☐ सार्वजनिक प्रशंसा ।
- ☐ प्रभुलाई बलिको रुपमा सारा जीवन दिनु ।

तपाईंको उत्तरलाई रोमी १२:१-२ सँग फेरि दाँज्नोस् ।

पाष्टरले बगालको विश्वासलाई पनि निर्माण गर्नुपछ, फलस्वरुप तिनीहरुले आ-आफ्नो जीवन परमेश्वरलाई जिउँदो बलिदानको रुपमा दिइहाल्नेछन् ।

पाइला ११: परिपक्व विश्वासीले उसको जिम्मेवारी बुझ्दछ अनि आफैले पूरा पनि गर्दछ । (पढ्नोस् अध्याय १३)

हामीले आफैलाई कसमा समर्पित गर्नुपर्ने हो त्यसमा रेखाङ्कित गर्नोस्:

"हरेक व्यक्ति शासन गर्ने प्रशासकहरुका अधीन बसोस् । पर मेश्वरबाट आएका अधिकारबाहेक अरु कुनै अधिकार हुँदैन । जुन प्रशासकहरु छन्, ती परमेश्वरबाटै नियुक्त भएका हुन् ।"

(रोमी १३:१)

अधिकारीहरुले कसलाई सजाय दिनुपर्ने हो त्यसमुनि रेखाङ्कित गर्नोस्:

"किनकि तिम्रो भलाइको निम्ति तिनी परमेश्वरका सेवक हुन् । तर यदि तिमी खराबी गर्छौ भने डर मान, किनकि तिनले तरवार व्यर्थमा भिर्दैनन् । खराब काम गर्नेमाथि परमेश्वरको दण्ड ल्याउने तिनी परमेश्वरका सेवक हुन् ।"

(रोमी १३:४)

हामीले पूरा गर्नैपर्ने केही कर्त्तव्यहरुमुनि रेखाङ्कित गर्नोस्:

"तिर्नुपर्ने कुरा सबैलाई तिर – कर तिर्नुपर्नेलाई कर, महसूल तिर्नुपर्नेलाई महसूल, आदर गर्नुपर्नेलाई आदर, इज्जत गर्नुपर्नेलाई इज्जत गर । आपसमा प्रेम गर्नुबाहेक कसैको केही कुरामा ऋणी नहोओ । किनकि आफ्नो छिमेकीलाई प्रेम गर्नेले व्यवस्था पूरा गरेको हुन्छ ।" (रोमी १३:७-८)

हामी पुरानो करारको व्यवस्थामुनि कदाचित छैनौं ।
रोमी १३:८-१० अनुसार, हामीले अहिले कुन व्यवस्था पालन गरिरहेका छौं ?

☐ सबै आज्ञाहरुको उद्देश्य पूरा गर्ने प्रेम ।

☐ मोशाको नियम ।

कमजोर विश्वासी अगुवाइको निम्ति नियमहरुमा भर पर्दछ । प्रभुले उसलाई अनुमति दिनु भए जति गर्नलाई उ स्वतन्त्र हुन सक्तैन, किनकि उसका इच्छाहरु अझ पनि सांसारिक बानीहरुले प्रभावित रहेका छन् ।

आत्मिकी विश्वासीले परमेश्वर अनि उसको छिमेकीलाई प्रेम गर्दछ । उसले जे गर्न चाहन्छ ती स्वस्थ हुन्छन्, किनकि ती सब परमेश्वरप्रति भएको उसको प्रेम अनि उहाँको इच्छा पूरा गर्न चाहने उसको चाहनाबाट जन्मिएका हुन्छन् ।

परमेश्वरका सन्तान यी कुरा गर्न स्वतन्त्र हुन्छन्:

- ☐ सरकारको आज्ञा उल्लङ्घन गर्न ।
- ☐ प्रेममा परमेश्वरको सेवा गर्न ।

तपाईंको उत्तर रोमी १३:४-८ सित दाँज्नोस् ।

पाइला १२: परिपक्व विश्वासी कमजोर भाइप्रति धीरजी बन्दछ । (अध्याय १४ अनि १५:१ पढ्नोस्)

कसलाई हामीले न्याय नगरीकन ग्रहण गर्नुपर्छ, त्यहाँ रेखाङ्कित गर्नोस्:

"विश्वासमा कमजोर हुने मानिसलाई ग्रहण गर, तर उसको मतसम्बन्धी कुरामा वाद-विवाद गर्नलाई होइन ।"

(रोमी १४:१)

विश्वासमा कमजोर हुने व्यक्ति त्यो हो जो आत्माद्वारा होइन, तर नियम र विधानद्वारा निर्देशित हुन्छ । उदाहरणको लागि, विश्वासमा कमजोर व्यक्तिले धर्मकर्मको निम्ति खाने अथवा पिउने कुरो बार्ने काम गर्दछ ।

परमेश्वरको राज्य के हो भनी रोमी १४:१७ मा रेखाङ्कित गर्नोस्:

"परमेश्वरको राज्य भनेको खानु र पिउनु होइन, तर पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो ।"

"यसकारण हामी एउटाले अर्कालाई अब उसो इन्साफ नगरौं ।"

(रोमी १४:१३)

“उचित त यो हुन्छ, कि मासु नखानु, मद्यपान नगर्नु, तथा कुनै यस्तो काम नगर्नु जसद्वारा तिम्रो भाइलाई बाधा हुन्छ ।”

(रोमी १४:२१)

प्रेरित पावलअनुसार, हामीले केलाई पन्छाउनु पर्छ ?

- ☐ जेले अरुलाई बाधा पुऱ्याउँछ, कमजोरी पार्छ, अथवा अरुहरुलाई गिराउने काम गर्छ ।
- ☐ झूटा पन्थहरुले मनाही गरेका कुराहरु ।

तपाईंको उत्तरलाई रोमी १४:१७-२१ सँग दाँज्नोस् ।

“विश्वासमा दह्रिला हुने हामीले आफैलाई मात्र खुशी पार्ने इच्छा नराखेर दुर्बल मानिसहरुका कमजोरीहरुलाई सहनुपर्छ ।”

(रोमी १५:१)

कसले कसमा समर्पित हुनुपर्छ ?

- ☐ विश्वासमा कमजोरी हुने व्यक्ति बलियो विश्वास हुनेमा ?
- ☐ वश्वासमा बलियो हुने व्यक्ति कमजोरी विश्वास हुनेमा ?

तपाईंको उत्तरलाई रोमी १५:१ सित दाँज्नोस् । जब हामी काम गर्दछौं, हामीले अरुको बारेमा पनि सोच्नै पर्छ ।



पाइला १३: परिपक्व विश्वासी एक विनम्र सेवक बन्दछ । (पढ्नोस् अध्यायहरु १५-१६)

परिपक्व विश्वासी:

- ☐ प्रसिद्ध प्रचारक हो ।
- ☐ अरुहरुलाई धेरै आदेशहरु दिने व्यक्ति हो ।
- ☐ त्यो हो जसले खीष्टले झैं विनम्रतासाथ हरेकको सेवा गर्दछ ।

“हामी प्रत्येकले आफ्नो छिमेकीको आत्मिक सुधार होस् भनेर तिनको भलाइको लागि तिनलाई प्रसन्न राखौं । किनकि खीष्टले पनि आफैलाई प्रसन्न पार्नुभएन....।”

(रोमी १५:२-३)

“यसकारण परमेश्वरका महिमाको निम्ति खीष्टले तिमीहरुलाई ग्रहण गर्नुभएबमोजिम तिमीहरुले पनि एउटाले अर्कालाई ग्रहण गर । म तिमीहरुलाई भन्दछु, हाम्रा पूर्वजहरुलाई दिइएका प्रतिज्ञाहरुको पुष्टि गर्नका निम्ति परमेश्वरको सत्यतालाई प्रकट गर्न खीष्ट खतना भएकाहरुको दास बन्नुभयो, यस हेतुले कि अन्यजातिहरुले उहाँका कृपाको निम्ति परमेश्वरको महिमा गरुन् ।” (रोमी १५:७-९)



घमण्डी विश्वासीले अरु मानिसहरुको काममा हात हाल्छ, अनि अरु मानिसहरुको परिश्रमलाई आफ्नो बनाएर त्यसको श्रेय लिन्छ। विनम्र सेवकले कहाँ सुसमाचार प्रचार गर्दछ ?

- ☐ जहाँ उसले अर्को मण्डलीको सदस्यहरुलाई लैजान सक्छ।
- ☐ जहाँ कुनै मण्डलीहरु छैनन्, अनि मानिसहरु खीष्टविना मरिरहेका छन्।

तपाईंको उत्तर यससित तुलना गर्नोस्:

"अरु मानिसले बसालेको जगमाथि घर नबनाऊँ भनेर खीष्टको नाउँ नलिएको ठाउँमा सुसमाचार प्रचार गर्ने उत्कट इच्छा मैले राखेको छु। जस्तै यसो लेखिएको छ, 'उहाँको. विषयमा जसलाई कहिल्यै भनिएको छैन, तिनीहरुले उहाँलाई देख्नेछन्, र उहाँको विषयमा जसले कहिल्यै सुनेका छैनन् तिनीहरुले बुझ्नेछन्'।"

(रोमी १५:२०-२१)

कति यहूदी विश्वासीहरुले पुरानो करारका नियमहरु अन्यजातिहरुलाई पनि बोकाउन चाहन्थे। जब पावलले प्रचार गर्थे, तिनीहरुले अरुको कामको जगमा भाँजो हाल्दै बाधा पुऱ्याउने काम गर्दथे। तर पावलले चाहिँ यसो गरेनन्।

अध्याय १६ मा खीष्टका सेवकहरुको रुपमा तिनीहरुले गरेका कामलाई सम्झँदै पावलले धेरै विश्वासीहरुलाई अभिवादन पठाएका छन् । मण्डलीमा विभाजन ल्याउन खोज्नेहरुलाई उनले यसरी चेताउनी दिएका छन्:

"भाइ हो, म तिमीहरुलाई आग्रहपूर्वक बिन्ती गर्नछु, कि तिमीहरुलाई सिकाइएको धर्म-सिद्धान्तको विरुद्धमा फूट र बाधा-विघ्न सृष्टि गर्नेहरुलाई नजर राख, र तिनीहरुबाट अलग्गै बस । किनभने यस्ताहरुले खीष्ट हाम्रा प्रभुको निम्ति होइन, तर आफ्नै पेटको निम्ति सेवा गर्दछन्, र तिनीहरुको मीठो-मीठो बोली र कुराले सीधासाधाहरुका हृदयलाई धोखा दिन्छन् ।"

(रोमी १६:१७-१८)

अभ्यासको काम

- तपाईंको मण्डलीलाई रोमीको पुस्तकबाट आत्मिकी परि पक्वताका पाइलाहरु सिकाउनु होस् ।



कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

059NP01A-01